नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

## प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्ष श्री के.पी.शर्मा ओलीज्यू को अध्यक्षतामा राष्ट्रिय योजना आयोगको सभाकक्षमा आज सम्पन्न आयोगको बैठकले आगामी पाँच आर्थिक वर्षको अवधि समेट्ने पन्ध्रौं योजना (२०७६/७७ देखि २०८०/८१) को आधार-पत्र नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्ताव पेश गर्न स्वीकृत गरेको छ।

साथै, उक्त बैठकमा सम्माननीय राष्ट्रपतिज्यूबाट आ.व. २०७५।७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा "अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ" भन्ने महत्वपूर्ण नीति उल्लेख भएअनुसार आयोग मातहत रहेको केन्द्रीय तथ्याङ्क विभागले तयार गरेको राष्ट्रिय तथ्यगत विवरण प्रणालीको डाइनामिक अनलाइन डाटापोर्टल (National Data Profile) को सम्माननीय प्रधानमन्त्रीज्यूबाट शुभारम्भ भयो। यो प्रणाली संघ, प्रदेश तथा स्थानीय तहको साझा डाटा प्लेटफर्मको रुपमा रहने गरी निर्माण गरिएको छ। सरकारी निकायहरुबाट उत्पादित स्थानीय, प्रदेश र केन्दीयस्तरका सूचना तथा तथ्याङ्कलाई सूचना प्रविधि मार्फत एकीकृत गरी वितरण गर्ने प्रयोजनका लागि अनलाइन डाटापोर्टल तयार गर्नु राष्ट्रिय तथ्यगत विवरणको प्रमुख उद्देश्य रहेको छ। राष्ट्रिय तथ्यगत विवरण प्रणाली समयानुकुल परिमार्जन गर्न सकिने गरी तयार गरिएकोले आगामी दिनमा ओपन डाटाको सिद्धान्तअनुरुप तथ्याङ्कको माग बमोजिम अझ बढी प्रयोगकर्तामैत्री बनाइने र भौगोलिक सूचनाको महत्वलाई आत्मसात गर्दै राष्ट्रिय तथ्यगत विवरणको आगामी भर्सनहरुमा भौगोलिक सूचना प्रणाली (Geographical Information System) को उपयोग गरिने योजना समेत रहेको छ। यस प्रणालीको आधिकारिक डाटा पोर्टल nationaldata.gov.np रहेको छ। यस सम्बन्धी विस्तृत विवरण यसैसाथ संलग्न रहेको छ।

डा. किरण रुपाखेति
(प्रवक्ता एवम् सहसचिव)

मितिः २०७६ बैशाख १५ गते, आइतबार